सरावल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सरावल, न.प. ( ब.सु.प.)

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या : ०८०।०८१

च .न

मिति :२०८०/०९/२६

## खोरेत रोग बारे अत्यन्तै जरुरी सुचना

प्रस्तुत विषयमा यस सरावल गाउँपालिका वार्ड नं ६ वडा कार्यालय आसपासबाट पशुहरुमा देखिएको लक्षणका आधारमा नमुनाको रुपमा गाई भैसीहरुको रगत संकलन गरि सोको परिक्षणको लागि पठाइएको नमुना परिक्षणमा बिषाणुबाट हुने खोरेत रोग रहेको भनि जानकारी प्राप्त हुन आएको हुदाँ सो क्षेत्रमा हाललाई पशुवस्तुको ओसारपसार तथा ढुवानी नगर्न तथा नगराउनुहुन यसै सुचनाद्धारा सबै पशुपालक कृषकहरुमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

खोरेत रोगको लक्षणहरु

- गाई भैसीमा ज्वरो आउने, र्‍याल चुहाउने, लङ्गगडाउने
- दुधालु गाई, भैसीको दुध उत्पादन घट्ने ।
- मुख र खुरको कापको साथै थुतुनो र थुनमा पानी जस्तो तरल पदार्थ भरिएको साना साना फोकाहरु देखिने हुन्छ ।
- ब्याउने पशुहरु तुहिन सक्ने र साना बाच्छा बाच्छी, पाडापाडी र पाठापाठीहरु मर्न सक्दछन ।

रोकथाम :

- रोगी पशुलाई वेग्लै राखि उपचार गर्ने ।
- रोगी पशुले दुषित वनाएको वस्तुहरुलाई जस्तै घाँस, दाना, पानीलाई पुर्ने वा जलाउने तथा दानापानी खुवाउन प्रयोगमा आउने सामग्रीहरुलाई राम्ररी सफा गरेर प्रयोग गर्ने ।
- रोग लागेको शंका लागेमा प्राविधिकसित तुरुन्तै सम्पर्क राख्ने ।
- मरेको पशुलाई गहिरो खाल्डोमा पुरि दिने ।
- फर्म गोठमा नियमित फिनेल पानीले सफा गर्ने ।
- पशुको ओसारपसारलाई पुर्णरुपमा बन्देज गर्ने ।

नोटः हाललाई सो क्षेत्रको आसपास र वडा नं ६,५,४ मा रहेका निरोगि पशुहरुमा खोरेत रोग विरुद्धको खोप कार्य चलिरहेको हुदाँ भ्याक्सिनेटर श्री अकलेश कुमार यादव (९८२१९४०९८८) लाई सम्पर्क गर्नुहुन र वडा नं. ७को लागि भ्याक्सिनेटर श्री दुर्विजय पटेल (९८६४५८१११११,९८१७५८१९५५) मा सम्पर्क गरि आपनो गाई भैसीमा खोप लगाउनुहुन अनुरोध गरिन्छ । अन्य वडाहरुमा कमश : खोप प्राप्त हुनासाथ भ्याक्सिनेशन कार्य सुचारु गरिनेछ ।

राम अर्याल
पशु सेवा शाखा प्रमुख

२०८०।०९।२६
बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत